प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

फोन ०५७-५२४८३४

०५७-५२४८३५

फ्याक्स ०५७-५२४८३६

इमेल p3mosd@gmail.com

प.सं.

च.नं.

मिति

**विषय: शैक्षिक परामर्श तथा भाषा शिक्षण सम्बन्धी संस्थाको अनुमति पत्रको नवीकरण गर्ने सम्बन्धी सूचना।**

**प्रकाशित मिति: २०७८।०४।१२**

स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि यस मन्त्रालयबाट शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण सम्बन्धी सेवा सञ्चालन गर्न अनुमति लिएका वागमती प्रदेशभित्र सञ्चालित संस्थाहरुले "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्वन्धी निर्देशिका, २०७५" को दफा ५(२) बमोजिम आर्थिक वर्ष शुरु भएको मितिले नब्बे दिनभित्र अनुमतिपत्रको नविकरण लागि तपशिलको कागजातहरुसहित निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । तोकिएको समयभित्र नवीकरण नगर्ने संस्थाहरुको सम्वन्धमा कानूनबमोजिम भैजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>निवेदनसाथ पेश गर्नुपर्ने काजजातहरु:</u>

१. अनुमति पत्रको प्रतिलिपि,

२. गत आर्थिक वर्षको प्रगति प्रतिवेदन,

३. गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र तथा संस्था नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

४. संस्थाले प्रदान गर्ने सेवा, कार्यप्रक्रिया र लागतको विवरण,

५. संस्थामा कार्यरत मानव संशाधनसम्वन्धी विवरण,

६. राजश्व दाखिला गरेको भौचर ।

२०७८।०४।१२

रन माया फ्याक

अधिकृत आठौं